# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०६।३१ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका घुस/रिसवत सम्बन्धी ८, प्रश्नपत्रको गोपनियता भंग १ र गलत प्रतिवेदन तथा झुट्टा बिल भरपाई १ गरी जम्मा १० वटा मुद्दाहरुमा आयोगको मिति २०७९।०४।०२ को निर्णय अनुसार मिति २०७९।०४।०९ मा सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | मागैन महतो, रामनारायण पोदार (वि.अ. को मु.नं. ०७६-CR-००४०, वि.अ. को फैसला मिति २०७९।०१।०८) | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | • प्र. मागैन महतोः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.११,०००।- कायम गरी ऐ. ऐनको दफा ३ (१) र दफा ३ (१) (क) बमोजिम सजाय।<br>• प्र.लेखनदास रामनारायण पोदारः भ्र.नि. ऐन,२०५९ को दफा ३(२) को कसुरमा बिगो रु.११,०००।- कायम गरी ऐ. ऐनको दफा ३ (१) र दफा ३ (१) (क) बमोजिम सजाय हुन । | **फैसलाः**<br>दुवै प्रतिवादीलाई सफाई<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• आरोप दावी शंकारहित तवरबाट पुष्टि गर्नुपर्ने दायित्व वादी पक्षमा रहने,<br>• शंकाको सुविधा अभियुक्तले पाउने<br>• प्र. मागैन महतोले कसुरमा इन्कार रहेको। | • आरोप मागदावीमा उल्लेख भएको कुरा शंकारहित तवरबाट नै पुष्टि भएको,<br>• प्र.मागैन महतोले रू.११,०००।-रकम लेखनदास प्र.रामनारायण पोदारलाई दिनु भनेको र प्र.रामनारायण पोदारले स्वीकार गरेको,<br>• घुस/रिसवत माग्ने प्र.मागैन महतो र प्र. रामनारायण पोदारलाई रङ्गेहात पक्राउ गरी कारबाही गरी पाऊँ भनी किटानी उजुरी परेको,<br>• उजुरवालाले आफ्नो उजुरी व्यहोरा समर्थन हुने गरी मौकामा र अदालतसमक्ष समेत उपस्थित भई वकपत्र गरिदिएको,<br>• बरामद भएको रकम प्र. रामनारायण पोदारको संगसाथबाट नै वरामद भएको। |
| २ | सुन्दर भट्टराई, यामलाल ढकाल, यादव पौडेल र राजु सेढाई (वि.अ. को मु.नं. ०७४-CR-००९८, वि.अ. को फैसला मिति २०७८।१२।२२) | घुस रिसवत लिई झुट्टा कागजात को आधारमा विदेशी सवारी चालक अनुमति पत्रको नेपाली करण गरी भ्रष्टाचार गरेको। | • प्र.सुन्दर भट्टराई, प्र.यामलाल ढकाल र प्र.यादव पौडेलः भ्र.नि. ऐन, २०५९ को दफा ३ (१) र दफा ९ को कसुरमा बिगो रू. ५,०४,८५०।– कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(ङ) तथा तथा दफा ९ बमोजिम सजाय ।<br>• प्र.राजु सेढाईः भ्र.नि. ऐन, २०५९ को दफा २२ को कसुरमा बिगो रू.८०,०००।-कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३ (१)(ङ) को सजायमा भ्र.नि. ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम मुल कसुरदार सरह नै कैद र बिगोबमोजिम जरिवाना हुन। | **फैसलाः**<br>प्र.सुन्दर भट्टराई, प्र.यामलाल ढकाल र प्र.यादव पौडेललाई भ्र.नि. ऐन, २०५९ को दफा ९ को कसुरमा आरोपदावी बमोजिम सजाय हुने र निजहरुलाई दफा ३(१) को कसुरमा सफाई तथा प्र. राजु सेढाईलाई मतियारको मागदावीवाट सफाई दिने गरी फैसला गरेको।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• प्रतिवादीहरु सुन्दर भट्टराई, यमलाल ढकाल तथा यादव पौडेलले घुस/रिसवत लिएको कुरा यकिन र वस्तुनिष्ठ तवरवाट पुष्टि हुनसकेको नदेखिएको,<br>• प्रतिवादी राजु सेढाई उपरको आरोपदावी पुग्न नसक्ने । | • सम्मानीत अदालतले नै निज प्र.हरु/राष्ट्रसेवकहरुले झुट्टा कागजातहरुका आधारमा विदेशी सवारी चालक अनुमतिपत्रलाई नेपालीकरण गरी भ्रष्टाचार गरेको भन्ने तथ्य स्थापित भएको भनी कसुर ठहर गरी सकेको,<br>• निज प्र.हरु झुट्टा कागजातहरुका आधारमा विदेशी सवारी चालक अनुमतिपत्रलाई नेपालीकरण गर्दा विदेशी सवारी चालक अनुमतिपत्रवालासँग रिसवत लिन मञ्जुर भएको,<br>• बुझिएका व्यक्तिहरुसँग घुस/रिसवत स्वरुप जम्मा रू.५,०४,८५०।- लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नविन कुमार साह र विरेन्द्र कुमार साह (वि.अ. को मु.नं. ०७६-CR-०२६८, वि.अ. को फैसला मिति २०७९।०२।०६) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र.हरू नविन कुमार साह र विरेन्द्र कुमार साहलाई बिगो रु.१५,९६,०००।- कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३ (१) र दफा ३(१)(च) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>**<br>दुवै प्रतिवादीलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्र.हरु दुवैजनाले आयोग र अदालत समक्ष कसुरमा ईन्कार रही वयान गरेको,<br>• उजूरीकर्ताहरुको उजूरी स्वभाविक रहेको भन्ने देखिदैन,<br>• अडियो सम्वाद र स्क्रिप्ट राईटिङ्गहरु कानूनसम्मत तवरवाट तयार भएको नदेखिएको,<br>• बरामद भएको रकम राज्यकोषको भई आयोगवाट उजूरकर्तालाई उपलव्ध गराएको देखिएको। | • प्र.हरु र निवेदकहरु वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• घुस रिसवत वापतको रकम दिने सहमत भएपश्चात मात्र टिप्पणी उठाई फाईल फर्वार्ड गरेको देखिन आएको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफूवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनि उल्लेख भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको। |
| ४ | टेक वहादुर भण्डारी, दल वहादुर विश्वकर्मा (वि.अ. को मु.नं. ०७६-CR-०३०१, वि.अ. को फैसला मिति २०७८।१२।११) | प्रश्नपत्र गोपनियता भङ्ग गरी भ्रष्टाचार गरेको। | • प्र.हरु भक्त बहादुर शाही र टेक बहादुर भण्डारीः भ्र.नि. ऐन,२०५९ को दफा १३ को कसुरमा ऐ.ऐनको दफा १३ बमोजिम सजाय हुन,<br>• प्र. घनश्याम भण्डारीः भ्र.नि. ऐन, २०५९ को दफा १३ को कसुरको मतियारमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम भ्र.नि. ऐन,२०५९ को दफा १३ अनुसार सजाय हुन,<br>• प्र. दलवहादुर विश्वकर्माः भ्र.नि. ऐन, २०५९ को दफा १३ को कसुरको मतियार मा सोही ऐनको दफा २२ मा उल्लेख भए बमोजिम | **<u>फैसलाः</u>**<br>• प्र.हरु भक्त बहादुर शाही र घनश्याम भण्डारीलाई आरोपपत्रको मागदावी वमोजिम कसुर ठहर र प्र.हरु टेक बहादुर भण्डारी र दल बहादुर विश्वकर्मालाई सफाई।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्र.हरु टेक बहादुर भण्डारी र दलबहादुर विश्वकर्माको हकमा आरोपदावी पुष्टी हुने प्रमाणको अभाव रहेको,<br>• प्र. दल बहाहदुर विश्वकर्मा परीक्षाको परिक्षार्थीसम्म रहेको, प्रश्न पत्रको गोपनीयता कायम गर्ने जिम्मेवारीमा नरहेको,<br>• प्र. टेक बहादुर भण्डारी कसुरमा ईन्कार रही वयान गरेको,<br>• प्र. घनश्याम भण्डारीले मौकामा पोलगरी वयान गरेको भएतापनि अदालत समक्ष वयान | • प्र. भक्त बहादुर शाही उपर किटानगरी उजुरी, निजको पोल वयान लगायतका अन्य प्रमाणवाट अन्य प्र.हरु घनश्याम भण्डारी, दल बहादुर विश्वकर्मा र टेक बहादुर भण्डारीहरुको संलग्नता पुष्टी हुन आएको हुँदा प्र. कायम गरी आरोपपत्र दर्ता भएको,<br>• सफाई पाएका प्र. वार्ड अध्यक्ष टेक बहादुर भण्डारीको निर्देशन बमोजिमनै वार्ड सदस्यले सम्पूर्ण कार्य गरेको, निज टेक बहादुर भण्डारी र दल बहादुर विश्वकर्माले टेक बहादुर भण्डारीको मोवाईलवाट वार्ड सदस्य/पदपुर्ति समितिका संयोजक भक्त बहादुर शाहीसँग फोन सम्पर्क गरी सरसल्लाह गरेको,<br>• वार्ड अध्यक्ष टेक बहादुर भण्डारीले आफ्नो निर्देशन मुताविक कार्य गर्न लगाएको र अर्का प्र. दल बहादुर विश्वकर्माको हकमा निजको मोवाईलवाट समेत प्रश्नपत्र वरामद भएको,<br>• प्र. दल बहाहदुर विश्वकर्मा उक्त पदमा आफु नियुक्तिको लागि सिफारिस नभएपश्चात आरोपपत्रको मागदावीवाट मुक्ती पाउनको लागि मात्र कसुरमा ईन्कार रहेको,<br>• मुलुकी अपराध संहीता, २०७४ को दफा ३१ मा दुई वा दुई भन्दा बढी व्यक्तिको समूहवाट कुनै कसुर भएकोमा सो समुहका सबै सदस्यलाई त्यस्तो कसुर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐ.ऐनको दफा १३ अनुसार हुने सजायको आधा सजाय हुन। | गर्दा पोल बयानको व्यहोरा खण्डीत हुने गरी बयान गरेको । | को सजाय हुनेछ भन्ने व्यवस्था रहेकोमा प्र.हरु दल बहादुर विश्वकर्मा र टेक बहादुर भण्डारीलाई समेत आरोप मागदावी बमोजिम कसुर ठहर गरी सजाय हुनुपर्ने। |
| ५ | थमन योगी, तरिण वहादुर विष्ट, घनश्याम शर्मा, डिम्वर वहादुर कामी, कर्ण वहादुर वि.क र अनिता वि.क (वि.अ. को मु.नं. ०७६-CR-०२४२, वि.अ. को फैसला मिति २०७९।०१।०२) | गलत प्रतिवेदन र झुट्टा विल भर्पाईको आधारमा गैरकानूनी लाभ लिई भ्रष्टाचार गरेको। | • प्र.थमन योगी र प्र. तरिण बहादुर विष्टः भ्र.नि. ऐन,२०५९ को दफा ८(१) (क),(ग) र (ङ) र ऐ. ऐनको दफा १९(२)को कसुरमा निजहरुलाई रु.७७,७७५।२२बिगो कायम गरी ऐ. ऐनको दफा ८(१) बमोजिम सजाय र बिगो असुल उपर हुन तथा ऐ. ऐनको दफा १९(२) बमोजिम सजाय हुन।<br>• प्र.घनश्याम शर्माः भ्र.नि. ऐन, २०५९ को दफा ९ को कसुरमा ऐ. ऐनको दफा ९ बमोजिमको सजाय हुन<br>• प्र.डिम्वर बहादुर कामी, प्र. कर्ण बहादुर वि.क. तथा प्र.अनिता वि.क. भ्र.नि. ऐन,२०५९ को दफा ८(४)बमोजिमको कसुरमा रु.७७,७७५।२२ बिगो कायम गरी ऐ. ऐनको को दफा ८(४) बमोजिम सजाय र बिगो असुल उपर गरी जफत हुन। | <u>**फैसलाः**</u><br>प्र.हरुले सफाई पाउने।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्रस्तुत वाटो निर्माणका सम्बन्धमा कुनै उजुरी परेको नदेखिएको। तर यसै निर्माणका विषयमा प्रतिवादीहरु उपर आरोपपत्र दायर गरीएको,<br>• अख्तियारवाट खटाईएका प्राविधिकले स्थानीय समेतलाई सोधपुछ गरी प्रतिवेदन दिएको भनी बकपत्र गरेको,<br>• बागचौर नगरपालिकावाट प्रतिक्रिया माग गर्दा उक्त सडक खण्ड हाल सञ्चालनमा रहेको, ६०० मि.सम्म कार्य सम्पन्न भएको व्यहोरा लेखि आएको। | • प्रारम्भिक अनुसन्धानमा उक्त योजनामा अनियमितता भएको देखिएपश्चात विस्तृत अनुसन्धान भई प्रतिवादीहरु उपर आरोप-पत्र दर्ता भएको,<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(१) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ६ मा समेत भ्रष्टाचारको उजुरी जुनसुकै व्यक्तिले जुनसुकै माध्यमबाट दिन सक्नुका साथै कुनै पत्रपत्रिका वा प्रकाशनमा प्रकाशित भएको भ्रष्टाचारसम्बन्धी विषयलाई सूचना वा उजुरीका रुपमा ग्रहण गर्न सक्ने व्यवस्था भएको,<br>• १०० मि.ट्र्याक खोलिएको ठाँउमा २५० मि.ट्र्याक खोलेको भनी गलत लिखत तयार गरी भुक्तानीको लागि सिफारिस गरेको मौकामा कागज गर्ने व्यक्ति र प्रतिवेदकहरुले अदालतमा सोही व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको। |
| ६ | ध्रुव महतो नुनिया (वि.अ. को मु.नं. ०७६-CR-०३५९, वि.अ. को फैसला मिति | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. ध्रुव महतो नुनियाः बिगो रु.१५,०००।- (पन्ध्र हजार) कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन। | <u>**फैसलाः**</u><br>प्र.ले सफाई पाउने ।.<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• यसै लगाउमा पेश भएको ०७६-CR-००१० को रामप्रकाश सतरा प्र. भएको मुद्दा आजै यसै इजलासबाट दावी पुग्न नसक्ने ठहरी फैसला भएको, | • प्र. ध्रुव महतो नुनियाले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानमा प्र. राम प्रकाश सतराले बचावको लागि गुहार गर्नु भएको हुनाले म भाबुक भएर अदालतमा बकपत्र गर्दा पहिले गरेको बयान कागजलाई प्रतिकुल हुन गएको हो भनी खुलाएको,<br>• प्रतिवादी राम प्रकाश सतराले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा उजुरकर्ता निवेदकसँग रु.१५,०००/- (पन्ध्र हजार) दिन्छ लिनु भनी प्र. ध्रुव महतो नुनियालाई भनेको थिए भनि खुलाएकोले सहअभियुक्तको पोल बयानलाई प्रमाण |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९।०१।१४) | | | • प्र.बाट बरामद भएको नगदसहितको खानतलासी मुचुल्का, उजूरकर्ताले पेश गरेको सि.डि, प्र.को हात धुँदा पानीको रंग परिवर्तन भएको मुचुल्का र पानीमा रहेको केमिकल फेनोल्फथालिन परीक्षण प्रतिवेदनलाई प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिन आएन । | ऐन, २०३१ को दफा ९(क) बमोजिम प्रमाणमा लिन हुने,<br>• प्र. ध्रुव महतो नुनियाले अधिकार प्राप्त अधिकारी समक्ष हस्तलिखित बयान गर्दा कसुरमा पूर्ण साविती बयान गरेको अवस्थामा सो बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) ले प्रमाण योग्य नै भएको । |
| ७ | मिछुहाङ्ग किराँत (वि.अ. को मु.नं. ०७५-CR-०३५६, वि.अ. को फैसला मिति २०७८।१२।२९) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. मिछुहाङ्ग किराँतः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेकोले बिगो रू.५०,०००।- कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन। | <u>**फैसलाः**</u><br>प्र.ले सफाई पाउने ।.<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्र.ले आयोगसमक्ष कसुर स्वीकार गरे तापनि अदालतसमक्ष बयान गर्दा बरामद रकम जबरजस्ती मेरो खल्तीमा राखिदिएको भनी इन्कारी वयान गरेको,<br>• प्र.बाट बरामद भएको रकम राज्यकोषबाट आयोगमार्फत उपलब्ध गराइएको देखिएको र राज्यकोषबाट उपलब्ध गराएको रकम प्रमाणग्राह्य नहुने भनी रिट नं. ०७४-WC-००२० मा सिद्धान्त कायम भइसकेको,<br>• उजूरीकर्ता र प्र.बीच भएको अडियो सम्वाद सि.डि. तथा अडियो सम्वादका आधारमा तयार भएको स्क्रिप्ट राईटिङ समेत कानूनसम्मत तवरबाट तयार भएको नदेखिएको,<br>प्र. र उजुरी निवेदकबीच सार्थक समबन्ध रहेभएको नदेखिएको । | • प्र. मौकामा आरोपित कसुरमा सावित रहेको र अदालतसमक्ष बयान गर्दा आफुबाट रकम बरामद भएकोमा सावित रहेको,<br>• रु.५०,०००।- घुस/रिसवत दिए मात्र बिल बनाई दिन्छु होइन भने बिल बनाउन सक्दिन भनी प्र.ले भने पछि मैले निजलाई उक्त रकम दिएको हुँ भनी उजुरीकर्ता समेतले आफ्नो उजुरी निवेदन र मौकाको कागजसमेत पुष्टि हुने गरी अदालतमा बकपत्र गरीदिएका,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनि सिद्धान्त प्रतिपादन भएको,<br>• मौकामा कागज गर्ने व्यक्तिहरुसमेतले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनि उल्लेख भएको। |
| ८ | नइन्द्र पारुहाङ्ग राई (वि.अ. को मु.नं. ०७५-CR-०३६२, वि.अ. को | घुस रिसवत लिने उद्योग गरी भ्रष्टाचार | प्र. नइन्द्र पारुहाङ्ग राईः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रू. २०,०००।- कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा | <u>**फैसलाः**</u><br>प्र.ले सफाई पाउने ।.<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्र.ले मौका र अदालतमा बयान गर्दा आरोप दावीमा इन्कार रही बयान गरेको,<br>• प्र.बाट बरामद भएको रकम राज्यकोषबाट | • प्र.ले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारीसमक्ष भएको बयान आफूले भनेबमोजिम लेखिएको नभै डरत्रासमा परी सहिछाप गरेको हो भनी जिकीर लिई बयान गरेता पनि उक्त रकम आफ्नो साथबाट बरामद भएको कुरामा सावित रहेको,<br>• प्र.ले अनुसन्धानको क्रममा आफ्नै हस्तलिखित गरेको वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) ले **प्रमाण योग्य नै देखिन्छ,** |

| | | | | | |
|---|---|---|---|---|---|
| | फैसला मिति २०७९।०२।०५) | गरेको। | (१) को देहाय (क) बमोजिम सजाय हुन। | आयोग मार्फत उपलब्ध गराइएको देखिएको र राज्यकोषबाट उपलब्ध गराएको रकम प्रमाणग्राह्य नहुने भनी रिट नं. ०७४-WC-००२० मा सिद्धान्त कायम भइसकेको,<br>• उजूरीकर्ता र प्र.बीच भएको अडियो सम्बाद सि.डि. तथा अडियो सम्बादका आधारमा तयार भएको स्क्रिप्ट राईटिङसमेत कानूनसम्मत तवरबाट तयार भएको नदेखिएको। | • सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरीएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनि सिद्धान्त प्रतिपादन भएको,<br>• उजुरकर्तासँग घुस/रिसवत स्वरुप जम्मा रू.२०,०००।- लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनि उल्लेख भएको । |
| ९ | गम्हिरा साह तेली (वि.अ. को मु.नं. ०७६-CR-०११८, वि.अ. को फैसला मिति २०७९।०१।२१) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. गम्हिरा साह तेलीः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रू.५,०००।— कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>**<br>प्र.ले सफाई पाउने ।.<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्र.ले आयोग समक्ष बयान गर्दा नै मैले मेरो सापटी रकम माग गरेको हूँ भनि बयान गरेको देखिँदा वरामद रकम प्र.ले स्वच्छाले माग गरेको र लिएको तथ्य पुष्टि हुन सकेको देखिँदैन,<br>• बरामदी मुचुल्का, अडियो संवाद बाहेक अन्य स्वतन्त्र प्रमाणबाट प्र.उपरको आरोपदावी वादी पक्षले पुष्टि प्रमाणित गर्न सकेको देखिँदैन । | • प्र.ले कसुरमा इन्कारी बयान गरी कसुरबाट बच्न प्रयास गरेतापनि प्र.को पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झुट्टो बोली छलछाम गरेको भन्ने देखिएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएबाट प्र.ले स्वच्छाले नै निवेदकसगँ घुस रिसवत रकम माग गरेको देखिएको,<br>• सर्वोच्च अदालतबाट मु.नं. ०७३-CR-११८२ मा "आफ्नो कार्यालयको कामसँग सम्बन्धित सेवाग्राहीसँग सापटी भनी रकम लिएको कुरालाई स्वयम् प्रतिवादीले अदालतमा वयान गर्दा समेत स्वीकार गरेको हुँदा रकम लेनदेन भएको तथ्य टेलिफोन वार्ता उजुरी निवेदक लगायत मौकाका मानिसले अदालतमा गरेको बकपत्रसमेतबाट पुष्टि भएको कुरा न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ" भनी सिद्धान्त प्रतिपादन भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको, |
| १० | विनोद कुमार श्रीवास्तव (वि.अ. को मु.नं. ०७५-CR-०२२९, वि.अ. को फैसला मिति | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. बिनोद कुमार श्रीवास्तवः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.३५,०००।— कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन। | प्र.ले आरोपित कसुरमा इन्कार रही बयान गरी आफ्ना साक्षीको बकपत्रबाट समर्थित गराएको,<br>स्क्रिप्ट राइटिङ्गबाट पनि प्र.ले उजूरकर्तासंग रकम माग गरेको नदेखिएको,<br>उजूरकर्तामध्येका १ जनाले बकपत्र नै नगरेको र अर्को उजूरकर्ताले प्रतिकुल( | • प्र.ले आरोप दावी कसुरमा इन्कार रही बयान गरेतापनि प्र.को पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झुट्टो बोली छलछाम गरेको भन्ने देखिएको,<br>• रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का, समेतबाट पुष्टि भएको,<br>• प्र. ले उजुरी निवेदकसँग रु.३५,००० घुस/रिसवत लिई वारदात घटाएको प्रतिवेदन र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७८।१२।१०) | | | Hostile) बकपत्र गरेकोले वादी पक्षले प्रमाणद्धारा आरोपदावी शंकारहित तवरबाट पुष्टि गर्न नसकेको । | व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• नबुझी नहुने साक्षी उजुरी निवेदकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिँदा सोतर्फ प्रवेश नगरी निज उजुरी निवेदकले बकपत्र नै नगरेको भनी प्र.लाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको,<br>• उजुरी निवेदक, जाहेरवाला, पीडितले र मौकाका मानिसहरुले कसुरदारलाई उम्काउन कोसिस गरी पहिलो र पछिको कथन बाझिएमा विश्वासिलो कथन तथ्यमा आधारित पहिलो कथन अन्य प्रमाणबाट पुष्टि भएमा पहिलो कथनलाई नै आधार लिई फैसला गर्नुपर्ने भन्ने सम्बन्धमा सम्मानित् सर्वोच्च अदालतबाट (ने.का.प. २०६६ अंक ६ निर्णय नं. १८७९ पृष्ठ १०३८) मा सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएबाट प्र.ले स्वच्छाले निवेदकसगँ घुस रिसवत रकम माग गरी लिई वारदात घटाएको । |